## मुगुम कार्मरोंग गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** मुगुम कार्मरोंग गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम मुगुम कार्मरोंग गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन,२०७५" रहेको छ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि मुगुम कार्मरोंग गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** गाउँपालिकाको क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** गाउँपालिक क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

अनुसूची -१

## गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने एकिकृत सम्पति करको दर

| कर योग्य एकिकृत सम्पति को मुल्य | आ.व. २०७४/०७५ वार्षिक दर | आ.व २०७५/०७६ वार्षिक दर | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची -२

## गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने मालपोत करको दर

| विवरण | आ.व. २०७४/०७५ वार्षिक दर | आ.व. २०७५/०७६ वार्षिक दर | कैफियत |
|---|---|---|---|
| १ रोपनी | रु.१० | रु. १५ | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची - ३

## गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने घरवहाल करको दर

| घरबहाल कर | आ.व. २०७४/०७५ वार्षिक दर | आ.व. २०७५/०७६ वार्षिक दर | कैफियत |
|---|---|---|---|
| गाउँपालिकाले आफ्नो क्षेत्र भित्र घर, पशल , ग्यारेज, गोदाम , शेड, छप्पर, कारखाना, जज्गा वा पोखरी पुरै वा आंशिक रुपमा दिएकोमा सम्बन्धित धनि बाट वहाल रकम को | रु. | १० % | |
| गाउँपालिकाले आफुले निर्माण रेखदेख वा संचालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जज्गा वा बाटो छेउ मा अस्थाई पशल थापना दिय वापत प्रति वर्ग फीट वहाल विटौरी | | | |

अनुसूची - ४

## गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने व्यवसाय करको शिर्सक र दर

| शिर्षक हरु | आ.व. २०७४/०७५ वार्षिक दर | आ.व. २०७५/०७६ वार्षिक दर | कैफियत |
|---|---|---|---|
| बालुवा र गिट्टी प्रति बोरा | रु.१ | रु. २ | ३०केजी को १ बोरा |
| ढुंगा प्रति चट्टा(५/४ फिट) | रु.१५ | रु. १५ | |
| होटेल/पशल दर्ता (स्थाई) | रु.१००० | रु. १००० | |
| होटेल/पशल दर्ता (अस्थाई) | रु. ५०० | रु. ५०० | |
| थोक बिक्रेता मदिरा (वार्षिक कर) | रु. | रु. १५०० | |
| बिक्रेता मदिरा (स्थानीय) (वार्षिक कर) | | रु. १००० | |
| संस्था दर्ता | रु.५०० | रु. १००० | |
| किराना पशल (वार्षिक कर) | रु.७०० | रु. ३०० | |
| होलसेल पशल (वार्षिक कर) | रु. १००० | रु. १००० | |
| खुद्रा पशल (वार्षिक कर) | रु. ५०० | रु. ५०० | |
| औषधि पशल (वार्षिक कर) | रु. ५०० | रु. ५०० | |
| बैंक तथा वित्तीय संस्था स्थापना | | रु. १५०० | |
| बैंक तथा वित्तीय संस्था स्थापना (शाखा) | | रु. १००० | |

# अनुसूची - ५

## गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने जडिबुटी, कवाडी, र जीवजन्तु  करको दर

| नाम | आ.व. २०७४/०७५ वार्षिक दर | आ.व. २०७५/०७६ वार्षिक दर | कैफियत |
|---|---|---|---|
| चिराइतो प्रति केजी | रु. ५ | रु .५ | |
| झ्याउ प्रति केजी | रु. ५ | रु. ५ | |
| घुच्ची च्याउ प्रति केजी | रु. २०० | रु. २०० | |
| यार्सागुम्बा प्रति केजी | रु .२००० | रु. २००० | |
| कटुको प्रति केजी | रु. ५ | रु. ५ | |
| वन लसुन प्रति केजी | रु. ५० | रु. १०० | |
| अत्तिस पात प्रति केजी | रु. ५ | रु. ५ | |
| पदमचाल प्रति केजी | रु. ३ | रु. ३ | |
| धुपी प्रति केजी | रु. ५ | रु. २ | |
| बिसजरा प्रति केजी | रु. ३ | रु. ३ | |
| सतुवा प्रति केजी | रु. ७ | रु. ७ | |
| सुगन्धवाल प्रति केजी | रु. ५ | रु. ५ | |
| ओखर काण्डा | रु. १० | रु . १० | |
| ओखर प्रति केजी | रु. २ | रु. २ | |
| अत्तिस जरा प्रति केजी | रु. १५ | रु. १५ | |
| लैठ सल्ला प्रति केजी | रु. १० | रु. १० | |
| निगालो प्रति भारि (१०० गोटा) | रु. ५ | रु. ५ | |
| निगालो टुसा | रु. ०.१० | रु. १ | |
| जिम्फु प्रति केजी | रु. ५ | रु. ३ | |
| तितेपाती प्रति केजी | रु. ०.३५ | रु. ३ | |
| सिलाजित प्रति केजी | रु. १५ | रु. १० | |
| साधारण च्याउ प्रति केजी | रु. १० | रु. १० | |
| सेतक चिनी (खिरौलो) प्रति केजी | रु. ५ | रु. २ | |
| जटामसि प्रति केजी | रु. | रु. ३ | |
| तुन्ना प्रति केजी | रु. | रु. १ | |

अनुसूची - ६

## गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सवारी करको दर

| नाम | आ.व. २०७४/०७५ वार्षिक दर | आ.व. २०७५/०७६ वार्षिक दर | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची - ७

## गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने बिज्ञापन करको दर

| नाम | आ.व. २०७४/०७५ वार्षिक दर | आ.व. २०७५/०७६ वार्षिक दर | कैफियत |
|---|---|---|---|
| होड़ीग् बोर्ड (४/६ फिट सम्म को ) | | रु. ५०० | |
| होड़ीग् बोर्ड (४/६ फिट भन्दा ठुलो ) | | रु. १००० | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची - ८

## गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने मनोरंजन करको दर

| नाम | आ.व. २०७४/०७५ वार्षिक दर | आ.व. २०७५/०७६ वार्षिक दर | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

## अनुसूची - ९

## गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने बहाल विटौरी करको दर

| नाम | आ.व. २०७४/०७५ वार्षिक दर | आ.व. २०७५/०७६ वार्षिक दर | कैफियत |
|---|---|---|---|
| गाउँपालिकाले आफ्नो क्षेत्र भित्र पर्ने पर्ती, येलानी जग्गामा गाउँ पालिकाकाले टहरा , छाप्रा निर्माण नगरी व्यक्ति विशेस ले आफै टहरा छाप्रा निर्माण गरि वा नगरी हाट बजार छेउको वा सडक छेउको जग्गामा पसल वा अन्य कुनै व्यावसाय गरि बसेको भए तेस्तो जग्गाको (प्रति वर्ग मिटर) | रु. | रु. ५ | |
| | | | |

## अनुसूची - १०

### गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने पार्किंग शुल्क कोदर

| नाम | आ.व. २०७४/०७५ वार्षिक दर | आ.व. २०७५/०७६ वार्षिक दर | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

## अनुसूची - ११

### गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने ट्रेकिंग, कायोइंग, बन्जी जम्पिंग, जिप फ्लायेर, र     र्याफ्टिंग कर को दर

| विवरण | आ.व. २०७४/०७५ वार्षिक दर | आ.व. २०७५/०७६ वार्षिक दर | कैफियत |
|---|---|---|---|
| ट्रेकिंग (स्वदेशी) प्रति व्यक्ति | | | |
| ट्रेकिंग (विदेशी) प्रति व्यक्ति | | | |
| | | | |

## अनुसूची - १२

## गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सेवा शुल्क दस्तुर को दर

| विवरण | आ.व. २०७४/०७५ वार्षिक दर | आ.व. २०७५/०७६ वार्षिक दर | कैफियत |
|---|---|---|---|
| सबै निवेदन दस्तुर तर्फ टिकेट | | रु.१० | |
| **सिफारिस दस्तुर तर्फ** | | | |
| अंग्रेजी मा गरिने सबै सिफारिस हरु को | | रु. ५०० | |
| **नेपाली मा गरिने निम्नानुसार सिफारिसमा लिने दस्तुर** | | | |
| जन्म दर्ता | रु. १०० | रु. १०० | |
| मृत्यु दर्ता | रु. २५ | रु. २५ | |
| बसाइसराइ | रु. ५०० | रु. ६०० | |
| सम्वन्ध बिच्छेद | रु. १०० | रु ५०० | |
| धर्म पुत्र धर्म पुत्री | रु. १०० | रु. २०० | |
| विवाह दर्ता | रु. २०० | रु. ३०० | |
| अपाङ्ग असहाय , छात्रपृत्ति बृद्दहरु लाइ तथा विधालय भर्ना सिफारिस दस्तुर | | रु. | |
| नाता कायेम | | रु. १०० | |
| नाता प्रमाणित | | रु. २०० | |
| पारिवारिक विवरण | | रु. १०० | |
| बसोबास प्रमाणित | | रु.१०० | |
| नाबालक प्रमाणित | | रु.१०० | |
| जन्ममिति प्रमाणित | | रु.१०० | |
| विवाहित तथा अविवाहित सिफारिस दस्तुर (नेपालि ,अंग्रेज ) | | रु. २०० | |
| व्यक्ति प्रमाणित | | रु.२०० | |
| चारित्रिक प्रमाणित | | रु.२०० | |
| नागरिकता सिफारिस दस्तुर | रु.१०० | रु.१०० | |
| नागरिकता प्रतिलिपि सिफारिस दस्तुर | रु.१५० | रु.२०० | |
| चारकिल्ला प्रामाणित | रु.५०० | रु. ७०० | |
| घरजग्गा दर्ता | रु.१५० | रु. २०० | |
| बैदेशिक प्रयोजन को लागि मुल्यांकन दस्तुर रु. पांच लाख सम्म को लागि | | रु. ५०० | |
| बैदेशिक प्रयोजन को लागि मुल्यांकन दस्तुर रु. पांच लाख भन्दा बढी को लागि | | रु. १००० | |
| विवाद व्यवस्थापन न्यायिक समिति (गा. पा ) | | रु. ५०० | |
| योजना सम्झौता सामान्य | रु.२५० | रु. २५० | |
| योजना सम्झौता विशेस (ठेक्का सहित ) | रु.१००० | रु. ८०० | |
| कार्य सम्पन्न सिफारिस सामान्य | रु. ५०० | रु. ५०० | |

| | | | |
|---|---|---|---|
| कार्य सम्पाना सिफारिस विशेस (ठेक्का सहित) | रु. १५०० | रु. १५०० | |
| नामसारी दस्तुर | रु. २०० | रु. २५० | |
| संस्था नविकरण सिफारिस शुल्क | रु.५०० | रु. ७०० | |
| यार्सागुम्बा संकलन शुल्क (प्रतिव्यक्ति) जिल्ला भित्र | रु.१५०० | रु. १५०० | |
| यार्सागुम्बा संकलन शुल्क (प्रतिव्यक्ति) जिल्ला बाहिर | रु.२००० | रु.२००० | |

## अनुसूची - १३

## गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने पर्यटन शुल्कको दर

| नाम | आ.व. २०७४/०७५ वार्षिक दर | आ.व. २०७५/०७६ वार्षिक दर | कैफियत |
|---|---|---|---|
| आन्तरिक पर्यटक (छायाँनाथ) प्रवेश शुल्क | रु. १० | रु. १० | जिल्ला वाहिरको लागि |
| बिदेशी पर्यटक | रु. १५० | रु. ५०० | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |